## परिचय :

| | |
|---|---|
| नेपाली नाम | : बाघ, पाटे बाघ |
| अंग्रेजी नाम | : Tiger, Royal Bengal Tiger |
| वैज्ञानिक नाम | : *Panthera tigris (tigris)* |
| शारिरिक बनोट | : सुनौलो रंगको पृष्ठभूमिमा कालो रंगको पाटाहरु भएको । |
| औषत तौल | : १५०-२०० किलोग्राम |
| लम्वाई | : २.५०-३.०० मिटर |
| उचाई | : लगभग १ मिटर |
| आयू | : १६-२० वर्ष (गर्भावस्था ९०-१०५ दिन) |
| वच्चा | : एक पटकमा २-४ वटा डमरु |
| वासस्थान | : वन, झाडी तथा घाँसे मैदान । |
| आहारा | : जरायो, चित्तल, बँदेल, लगुना, आदि |
| विचरण क्षेत्र | : भाले ४०-६० वर्ग कि.मी. पोथी १५-४० वर्ग कि.मी. |

बाघ विरालो प्रजातीको सवै भन्दा ठूलो आर्कषक जीव हो । बाघ रातीको समयमा सक्रिय हुन्छ र यसले आफ्नो इलाका क्षेत्र जनाउन वाटो छेउछाउको झाडी तथा रुखमा पिसाब गर्ने, बाटामा खोस्रेर दिसापिसाब गर्ने, रुखहरुमा कोतरेर नङ्गाको चिन्हहरु छाड्ने गर्दछ । नरभक्षी (मान्छे खाने बानी परेको) बाघ वाहेक अन्य बाघको प्राकृतिक आहारा मान्छे होइन । तर बाघले आफूलाई असुरक्षित महसुस गरेमा भने आक्रमण गर्न सक्दछ ।

## बाघले कस्तो वेला आक्रमण गर्दछ ?

- जम्काभेट भएर बाघले भाग्ने ठाउँ नपाएको अवस्थामा ।
- सुतेको/आराम गरिरहेको वेलामा मान्छे नजिक पुगेमा ।
- साथमा सानो बच्चा भएको अवस्थामा । पोथीले वच्चा लुकाएको ठाउँमा अचानक पुगेमा । यस्तो अवस्थामा रुख चढेको मानिसलाई पनि झम्टने गर्दछ ।
- दुई बाघ आपसमा झगडा गरिरहँदा वा भाले लाग्ने वेलामा मान्छे पुगेमा ।
- शिकार गर्न वा आहारा खान लागेको अवस्थामा ।
- अँध्यारोमा बाघको दृष्टि मान्छेको भन्दा शक्तिशाली हुने हुदाँ रातको समयमा बाघले आक्रमण गर्ने सम्भावना बढी हुन्छ ।
- जङ्गलमा झुकेर वा निहुरिएर काम गरिरहेको अवस्थामा आहारा (बाँदर, लङ्गुर, मृग जस्तो ठानी मान्छेलाई आक्रमण गर्ने गरेको पाइन्छ ।
- खासगरी घाइते वा विरामी भई लामो समयसम्म भोको रहेको अवस्थामा, वुढो भई शिकार गर्न अशक्त भएमा वा माउबाट छुट्टिएका र आफ्नो निश्चित क्षेत्र नभएका अर्ध वयस्क बाघहरुले प्राकृतिक शिकार गर्न नसक्दा मान्छेलाई आक्रमण गर्न सक्दछ ।

## बाघले आक्रमण गर्ने तरीका :

आत्मरक्षाका लागि आक्रमण गर्नु अघि बाघले घुरेको जस्तो आवाजले चेतावनी दिन्छ । त्यसपछि बाघले पुच्छर ठाडो पारी दायाँ वायाँ हल्लाउँछ अनि भूईमा लुपुक्क टाँसिएर बसी प्राय: आवाज निकाल्दै आक्रमण गर्छ । आफूले खाना खाईरहेको वा बच्चालाई खुवाई रहेको वेलामा मान्छे देख्यो भने कराएर एक्कासी झम्टन्छ ।

शिकार गर्ने हेतुले मान्छेलाई आक्रमण गर्दा कुनै किसिमको आवाज निकाल्दैन तर मान्छे देखेपछि लुसुक्क झाडी भित्र पस्छ । झाडी वा अग्लो घाँसमा लुकेर पछ्याउदै आफूले झम्टन सक्ने दुरीबाट एक्कासी आक्रमण गर्छ । प्राय: बाघले आक्रमण गर्दा पछाडीबाट वा दायाँ बायाँबाट आक्रमण गर्छ । यस्तो बाघले प्राय १/२ जना भएको वेला आक्रमण गर्छ । आक्रमण गर्दा आफ्नो चार वटै पञ्जा फुलाएर नङ्ग्रा निकालेर समात्छ र मुखले टाउको पछाडी वा गर्धनको मेरुदण्ड भाँची मार्ने गर्छ । घाँटी च्यापेर श्वासनली थुनी नमरुन्जेल च्यापी राख्दछ । बाघले रगत चुस्छ भन्ने अन्ध विश्वास रहेको पाइन्छ ।

## बाघको आक्रमणबाट बच्ने उपायहरु:

**क) आक्रमण गर्नु अघि :**

- बाघ भएको क्षेत्रमा हिड्दा छिटो, छरितो र चनाखो भएर हिड्ने साथै बाघको पिसाव वा गन्ध याद गर्ने र सतर्क हुने ।
- जङ्गलमा जाँदा बाघको पाइला, दिसा, खोस्रेको, पिसाब फेरेको, नङ्ग्राले रुखमा कोतरेको छ कि हेर्ने । यस्ता चिन्हहरु देखिए नयाँ हो कि पुरानो छुट्टयाउने । यदि ताजा छ भने कताबाट आएको, कतातिर गएको हेर्ने र बाघ गएको दिसातिर नजाने वा सावधानी अपनाउने ।
- जमिनमा बाघको पञ्जाको आकृति विग्रेको छ, छैन हेर्ने, आकृति विग्रेको छ भने घाइते बाघको पञ्जा हुन सक्छ र घाईते बाघले आक्रमण गर्ने सम्भावना धेरै हुन्छ । ठूलो र सानो पाइला संगसंगै देखिएमा माउ र वच्चाको हुनसक्छ । त्यस्तो वेला विशेष सतर्कता अपनाउनु पर्छ ।
- बाघको पाइला भएको ठाउँमा रौंहरु वा रगत वा शिकार घिसारेको चिन्ह भए पछ्याएर नजाने । बाघले शिकार खान लागेको वा वच्चालाई खुवाउन लागेको हुन सक्छ र यो अवस्थामा बाघ खतरनाक र आक्रामक हुन्छ ।
- बाघ सुतेको, शिकार गर्न लागेको र शिकार खान वा खुवाउन लागेको समयमा देखेमा पटक्कै हल्ला नगर्ने ।
- जङ्गलमा बाघ देख्यो भने नजिक नजाने, नजिस्क्याउने ।
- जङ्गल जाँदा वाँदर, चित्तल वा चराचुरुङ्गीको आवाज याद गर्ने । बाघ नजिकै भएमा यी जीवजन्तुहरु अनौठो (डराएको) किसिमले कराई संकेत दिन्छन् ।
- जङ्गलको छेउछाउ वसोवास गर्ने मानिसहरुले साँझ परेपछि आफू पनि सकभर घर वाहिर ननिस्कने तथा केटाकेटीहरुलाई पनि अवेरसम्म बाहिर खेल्न नदिने ।
- बाघ भएको क्षेत्र वरपर बस्ने वासिन्दाले घर गोठ वरिपरि झाडी नराख्ने किनकि झाडीमा बाघ लुकेर बस्न सक्छ ।
- नरभक्षी बाघ भएको ठाउँमा कदापि नजाने र सम्वन्धित निकायलाई खवर गर्ने । गाउँघरमा बाघ निस्केको थाहा पाएमा त्यो ठाउँ वरिपरि भीड नगर्ने ।
- वनमा जाँदा वसेर, निहुरेर, झुकेर गर्नु पर्ने काम गर्दा बाघले मान्छेलाई जनावर जस्तो देखेर आक्रमण गर्ने गरेको पाईन्छ । त्यसैले सकेसम्म त्यस्तो कृयाकलाप

नगर्ने, गर्नु परेमा समूहमा चनाखो भई गर्ने वा पछाडीपट्टि मुकुण्डो लगाउने वा घाँटीमा कपडा बेर्ने ।

**ख) आक्रमण गर्न आएको अवस्थामा** :

- ◆ जङ्गलमा अचानक बाघसंग जम्काभेट भएमा भाग्ने स्थिति छ भने भाग्ने वा पातलो रुख (२०-२५ फिट भन्दा माथि) चढ्ने । तर यदि भाग्ने स्थिति छैन भने चुप लागेर बाघतिर ढाड नफर्काई आफू विस्तारै पछि पछि सदै जाने र सुरक्षित ठाउँ भेटेपछि नदौडिकन विस्तारै भाग्ने वा झाडी भित्र पस्ने । त्यतिन्जेल बाघ पनि लुसुक्क आफ्नो बाटो लाग्न सक्छ ।
- ◆ बाघ पौडी खेल्न मान्छे भन्दा कुशल हुने हुनाले बाघले झम्टन लाग्यो भने पानीमा कहिल्यै पनि नपस्ने ।
- ◆ समूहमा जङ्गल जाँदा बाघ जम्का भेट भई खतरा महशुस भएमा थपडी मारी चर्को स्वरमा हैट हैट कराएर भगाउने प्रयास गर्ने ।

**ग) आक्रमण गरिसकेपछि** :

- ▪ अन्य कुनै किसिमले वच्न नसके अन्तिममा आफूसित भएको लौरोले बाघलाई वेस्सरी नाकमा हान्ने, घोच्ने । यसो गर्दा बाघ भाग्न पनि सक्छ । हात तथा लौरोले आफ्नो टाउको र घाँटी जोगाउने ।
- ▪ बाघले मान्छेलाई आक्रमण गरेको थाहा पाउने वित्तिकै नजिकको गाउँघर, सम्वन्धित निकायमा तुरुन्त खवर गर्ने र घाइतेलाई उपचारको लागि सहयोग गर्ने ।



**मानव वन्यजन्तु विचको द्वन्द न्यूनिकरणको लागि सहकार्य गरौ ।**

## वन्यजन्तुबाट हुने क्षतीको राहत सहयोग निर्देशिका, २०६९ (तेस्रो संशोधन, २०७५) को प्रावधानहरु :

वन्यजन्तुहरु जस्तै : हात्ती, गैंडा, बाघ, भालु, चितुवा, हिउँ चितुवा, ध्वाँसे चितुवा, व्वाँसो, जंगली कुकुर, जंगली बँदेल, अर्ना, मगर गोही, अजिङ्गर र गौरीगाईबाट देहायको क्षती भएको अवस्थामा निम्न बमोजिम राहत सहयोगको व्यवस्था रहेको छ । सोको लागि पिडित वा हकवालाले ३५ दिन भित्र सम्बन्धित निकायमा निवेदन दिनु पर्दछ ।

**मानवीय क्षती :**

- सामान्य घाइतेलाई बढीमा रु.२०,०००।- सम्म औषधी उपचार खर्च दिने ।
- सख्त घाइतेलाई रु. २,००,०००।- र सो भन्दा बढी खर्च लाग्ने भएमा सरकारी अस्पतालमा उपचार गराई सोही अस्पतालको सिफारिसमा सम्पूर्ण उपचार खर्च नेपाल सरकारले ब्यहोर्ने ।
- मानिसको मृत्यू भएमा मृतकको आश्रित परिवारलाई रु. १०,००,०००।- राहत रकम दिने ।

**पशुधनको क्षती (विमा रकम कटाएर):**

- बयस्क भैंसी, गोरु, उन्नत गाई, साँडेको मृत्यू भएमा बढीमा रु. ३०,०००।- सम्म राहत दिने ।
- अन्य पशुवस्तुको मृत्यू भएमा प्रेषित कागजात र सिफारिसका आधारमा भएमा बढीमा रु. १०,०००।- सम्म राहत दिने ।

**घर, गोठ, खाद्यन्न बाली क्षती :**

- प्रेषित कागजात र सिफारिसका आधारमा भएमा बढीमा रु. १०,०००।- सम्म राहत दिने ।

सामाग्री साभार : **राष्ट्रिय प्रकृति संरक्षण कोष, जैविक विविधता संरक्षण केन्द्र, चितवन**

**वन र वन्यजन्तु संरक्षणको माध्यमबाट पर्यापर्यटनमा टेवा पुऱ्याऔं ।**

# बाघबाट हुन सक्ने खतरा र जोगिने उपायहरु



Photo: Sagar Giri

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, नवलपुर**
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

आ.व. २०७५।०७६

Email:dfonawalpur@gmail.com / ☎ ०७८-५४०१३५